भी.न.पा.बाट पारित हुने विधेयक, नियम, निर्देशन तथा आदेशहरु प्रकाशित गर्ने भी.न.पा.को राजपत्रको ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय सं (४)**

भीमेश्वर नगरपालिका क्षेत्रभित्र पर्ने नागदह क्षेत्रमा रहेको ढुङ्गा, गिटी, बालुवाको परिमाणको आधारमा IEE प्रतिवेदनले रु ५,००,०००/- (अक्षेरेपी पाँच लाख मात्र) बराबरको भण्डार रहेको देखाए तापनि त्यहाँ सम्म पुग्ने बाटोको अवस्था राम्रो नभएको, ठेक्का लगाउने पहिलो वर्ष भएको र ठेक्काको समय पनि झण्डै ५ महिना मात्र बाँकी रहेको अवस्था समेतलाई मध्येनजर राखी यो वर्षलाई ठेक्काको न्यूनतम् रकम रु २,५०,०००/- ( अक्षेरेपी पाँच दुई लाख पचास हजार मात्र ) कायम राखी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय सं (५)**

दोलखा नागदह सडकमा  ढुङ्गा, गिटी, बालुवा ओसारपसार गर्ने ट्रिपर, मिनी ट्रक तथा ट्रयाक्टरलाई देहाए अनुरुप पटके सवारी करको दर र न्यूनतम् ठेक्का अङ्क रु १,५०,०००/- ( अक्षेरेपी एक लाख पचास हजार मात्र ) कायम गर्ने गरी ठेक्का प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

पटके सवारी करको दर :

ट्रिपर : प्रति ट्रिप रु २००/-

मिनी ट्रक तथा ट्रयाक्टर : प्रति ट्रिप रु १००/-

**निर्णय सं (६)**

आगलागीका घटनाहरु एक पछि अर्को गरी अगाडि आईरहेको सन्र्दभमा नगरपालिकाको अग्नि नियन्त्रण व्यवस्थापनलाई चुस्त बनाउन चेतनामूलक सूचना प्रवाह गर्ने र बैंक, होटल, रेष्टुरेण्ट, मदिरा बिक्री वितरण गर्ने पसलहरु समेतमा यही २०७४ साल माघ १५ गतेबाट आफैले आगो निभाउने ग्याँस (Fire Extinghisher) अनिवार्य रुपमा राख्नु पर्ने सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय सं (७)**

विभिन्न मितिमा आएको बाढी र भएको आगोलागीबाट पिडित निम्न व्यवसायीहरुलाई हुन पुगेको क्षतिको मध्यनजर गर्दै निम्नानुसारको राहत रकम उपलव्ध गराउने निर्णय गरियो ।

क) भीनपा ६ का बाढीपिडित गणेश बहादुर कार्कीको ओम गणेश पोल्ट्री फर्मलाई रु २०,०००/- (रु बिस हजार मात्र)

ख) भीनपा ३ का आगलागी पिडित मदिरा व्यवसायी विपिन श्रेष्ठको मदिरा पसललाई रु १,५०,०००/-(रु एक लाख पचास हजार मात्र)

**निर्णय नं (८)**

नेपाल पत्रकार महासंघ, दोलखाको भवन निर्माण हुने क्रममा रहेको र पत्रकार महासंघबाट सो भवन निर्माणमा लाग्ने नक्सापाश दस्तुर मिनाहा हुन माग भएकोले सञ्चार क्षेत्र सहयोग स्वरुप नक्शा पास दस्तुर मिनाहा दिने निर्णय गरियो ।

**निर्णय सं (९)**

यस नगरपालिकालाई चालु आ.व. ०७४/७५ को स्वीकृत कार्यक्रमका लागि आवश्यक पर्ने प्राविधिक तथा फोहोरमैला व्यवस्थापन लगायतका निम्न जनशक्ति सेवा करारमा लिने सम्वन्धी कार्यालयले हालसम्म गरेका कायलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| क) सूचना प्रविधि अधिकृत | १ जना |
| ख) सव ईन्जिनियर | ५ जना |
| ग) असिष्टेन्ट सव ईन्जिनियर | ५ जना |

| | | |
|---|---|---|
| घ) | स्टाफ नर्स | १ जना |
| ङ ) | हेभी ड्राईभर | १ जना |
| च) | व्याकहो लोडर अपरेटर | १ जना |
| छ) | नगर प्रहरी | ४ जना |
| ज) | कुचीकार | ४ जना |

**कार्यपालिका बैठकका एजेण्डा : २०७४/९/१२**

१) पुनः सर्वेक्षण
२) एकिकृत वस्ती
३) वस्ती स्थानान्तरण
४) लामोसाँगु-जिरी सडक खण्डको सडकसँग जोडिएको कित्ताको नक्शापास
५) सम्मानजनक विदाई गर्ने
६) शहरी स्वास्थ्य क्लिनिक स्थापना
७) किवि विरुवामा अनुदान दिने
८) दोस्रो घरेलु उद्योग दिवस
९) विभिन्न कार्यविधि पारित
१०) उपभोक्ता समितिको कार्यमा सरलीकृत
११) समय सीमा निर्धारण
१२) OJT मा आएका प्राविधिकहरुलाई खाजा खर्च उपलव्ध गराउने
१३. आधारभूत शिक्षा उतिर्ण परिक्षा बोर्ड गठन

१४. दोस्रो नगर सभाको मिति तय
१५. बधाई तथा शुभकामना

**कार्यपालिका बैठकका निर्णयहरु : २०७४/९/१२**

**निर्णय सं (१)**

२०७२ बैशाख १२, १३ र २९ गतेको विनासकारी भूकम्पका कारण बसोबास गरिरहेको स्थानमा भएको जमिन बस्न योग्य नभई विस्थापित भएकाहरुको वस्तिको स्थान्तरणका लागि सर्वेक्षणमा छुटेका वस्तिका सम्वन्धमा पुनः सर्वेक्षण गर्न राष्ट्रिय पुनः निर्माण प्राधिकरणमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय सं (२)**

स्थानीय स्तरबाट एकीकृत वस्तिको लागि प्रक्रिया अगाडि बढाईएको भी.न.पा. ४ जिलुको सम्वन्धमा कार्यपालिकाको निर्णय अनुसार नगरपालिकाको प्रमुखको अध्यक्षतामा निर्देशन समिति बनाउन र आयोजना कार्यालयको स्थापना समेतका लागि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा लेखि पठाईएकोमा हालसम्म यसतर्फ प्रगति भएको नपाईएकोले पुनः ताकेता गरी पठाउने निर्णय गरियो । साथै यही प्रक्रियाबाट भीमेश्वर नगरपालिकाको वडा नं २ मा रहेको दुङ्गल देखि पिङ्गलसम्मको एकिकृत वस्ती विकासको कार्यलाई समेत समावेश गर्न राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय सं (३)**

वस्ति स्थानान्तरणका लागि पहिचान भएको बोसिम्पाको स्थानान्तरण सम्वन्धी कामलाई विस्तृत कार्ययोजना सहित तीव्रता दिन र यस अघि पहिचान भएको भीमेश्वर न.पा.५ को घोक्सिला र पहिचान हुन बाँकी रहेको भीमेश्वर ९ को कुतकुते समेतमा वस्ती स्थानान्तरणका लागि आवश्यक योजना समावेश गर्न राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय सं (४)**

लामोसाँघु-जिरी सडकको ROW बाहिर नक्शा पास सम्वन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्नका लागि लागि देहाए अनुसारको समिति बनाउने निर्णय गरियो ।

| | |
|---|---|
| श्री नविन कुमार लामा, वडाअध्यक्ष वडा नं ६ | संयोजक |
| श्री रामचन्द्र बस्नेत, वडाअध्यक्ष वडा नं ५ | सदस्य |
| श्री हरिशरण शिवाकोटी, वडाअध्यक्ष वडा नं ३ | सदस्य |

| | |
|---|---|
| श्री कृष्ण बस्नेत, कानुनी सल्लाहकार | सदस्य |
| श्री सुरेश राउत, ईन्जिनियर | सदस्य सचिव |

**निर्णय नं (५)**
यस कार्यालयमा विगत लामो समयदेखि फोहोरमैला सरसफाई सम्वन्धी सेवा करारमा कार्य गर्दै आएका बाबुराम नेपाली र पुक्ते सार्कीलाई उमेरका कारण कार्य गर्न कठिनाई भएको देखिएको हुँदा निजहरुलाई यो निर्णयको आधारमा अवकाश कोषबाट व्यहोने कार्यविधि कायम गरी राहत स्वरुप क्रमशः १,००,०००/-(अक्षेरेपी एक लाख मात्र) र २,००,०००/- (दुई लाख मात्र) उपलव्ध गराई बिदाई गर्ने निर्णय गरियो ।

**निर्णय सं (६)**

भीनपा ५ बिसुनटोलमा नयाँ शहरी स्वास्थ्य क्लिनिक स्थापना गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो । यस बाहेक जिलुमा तत्कालिन अवस्थामा जिल्ला स्वास्थ्य कार्यालयबाट ठेक्का मार्फत निर्माणाधिन अवस्थामा रहेको शहरी स्वास्थ्य क्लिनिकको निर्माण कार्यलाई निरन्तरता दिन आवश्यक कानुनी गाँठो फुकाउन स्वास्थ्य मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं (७)**
किवी विरुवा लाउने मौसम शुरु भैसकेकोले विरुवा लाउन आवश्यक पूर्वाधार तयार गरीसकेका कृषकले पाँच वटा विरुवाको आफैले व्यवस्थापन गरेको अवस्थामा थप ५ वटा विरुवा नगरपालिकाको तर्फबाट उपलव्ध गराउने गरी कार्यविधि निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय नं (८)**
दोस्रो उद्योग दिवस २०७४/०८/१९ गते सम्पन्न गरेकोमा सोको लागि घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालयलाई रु १५,०००/- (अक्षेरेपी पन्ध्र हजार मात्र) सहयोग स्वरुप उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय सं (९)**
नगर कार्यपालिकाको बैठकमा पेश भएको नगर कृषि विकास योजना कार्यान्वयन कार्यविधि, २०७४ तथा कृषि र पशु उत्पादन व्यवसायिकरणका लागि अनुदान कार्यविधि, २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय सं (१०)**
विकास निर्माणका कार्यलाई तीव्रता प्रदान गर्न र कागजी प्रक्रियामा न्यूनिकरण गर्न उपभोक्ता समिति गठन तथा कार्यान्वयन प्रक्रिया सरलीकरण गर्न गृहकार्य शुरु गराउने निर्णय गरियो ।

**निर्णय सं (११)**
दोस्रो नगरसभामा पेश हुने विधेयकको मस्यौदाका लागि गठन भएका विधेयक मस्यौदा समितिहरुले पेश गर्नुपर्ने समयावधि २१ पौष, २०७४ सम्मका लागि निर्धारण गर्ने निर्णय गरियो ।

**निर्णय सं (१२)**

यस कार्यालयमा OJT को लागि खटिई आएका केही प्राविधिक कर्मचारीहरुलाई उनीहरुको कामको आधारमा सम्वन्धित शाखामा रहेको कार्यबोझ हेरी सम्वन्धित शाखा प्रमुखको सिफारिसमा खाजा खर्च वापत प्रति कार्य दिन रु २००/- (रु दूई सय मात्र ) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय सं (१३)**

आधारभूत शिक्षा उर्तिण परीक्षा बोर्ड भीमेश्वर नगरपालिका, चरिकोट, दोलखामा देहाए अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) शंकर नेपाल, प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| ख) शंकरलाल श्रेष्ठ, प्र.अ., कुटीडाँडा मा.वि. | सदस्य |
| ग) वालकुमारी श्रेष्ठ, शिक्षक, कालिञ्चोक मा.वि., | सदस्य |
| घ) प्रकाश प्रधान, प्रिन्सिपल, माउण्ट भ्याली स्कुल, | सदस्य |
| ङ) अर्जुन बहादुर कार्की, शाखा अधिकृत, भीमेश्वर नगरपालिका, | सदस्य सचिव |

**निर्णय सं (१४)**

दोस्रो नगर सभा यहि २०७४ पौष २६ गते आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय सं (१५)**

२०७४ साल कार्तिक १० गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा दोलखा जिल्लाबाट निर्वाचित हुनुहुने प्रतिनिधि सभा सदस्य माननीय पार्वत गुरुङ तथा प्रदेश सभा (क) का माननीय सदस्य विशाल खड्का तथा प्रदेश सभा (ख) का माननीय सदस्य पशुपति चौलागाँईलाई भीमेश्वर नगरपालिकाको तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय सं (१६)**

भीमेश्वर नगरपालिकाको मुख्य बजार क्षेत्र पाटीखोला देखि बसपार्क शार्वजनिक शौचालयको खोल्सी क्षेत्र सम्म, सातदोबाटो बाट चरिघ्याङसम्म, सातदोबाटो बाट जिल्ला प्रहरी कार्यालयको पछाडिपट्टीको खोल्सी सम्मको क्षेत्रलाई व्यवस्थापन गर्न निम्न अनुसारको कार्य गर्ने निर्णय गरियो ।

**तपसिल**

क) अनधिकृत संरचना, भऱ्याङ, छत अस्वभाविक संरचना आदि ३५ दिन भित्र हटाउन लगाउने ।

ख) सडकको फुटपाथमा अतिक्रमण गरी पसल फिजाउन नदिने ।

ग) पसल, व्यवसाय, बैंक, सहकारी, संघ/सस्थाहरुले नगरले तोकेको साईज र डिजाईनमा मात्र व्यवसायिक साईनबोर्ड राख्न पाउने ।

घ) फुटपाथ बनाउने व्यवस्था नगरपालिकाबाट गरिने ।

ङ) लामोसाघु जिरी सडकको १५ मिटर भित्र निर्माण सामाग्री राख्न प्रतिवन्ध लगाईने साथै प्रदुषण (फोहोर उत्पादन) हुने व्यवसाय जस्तै ग्रिल उद्योग, वासिङ व्यवसाय, रिसोलिङ, वर्कसप, सवारी साधन मर्मत गर्ने, ब्लक बनाउने, फर्निचर उद्योग आदिमा प्रतिवन्ध लगाउने ।

च) सडक किनारामा झारिने निर्माण सामाग्री सम्वन्धित घरधनी/व्यवसायीले २४ घण्टाभित्र हटाईसक्ने ।

छ) घरको छतको पानी सम्वन्धित घरधनीले सुरक्षित रुपमा ३५ दिनभित्र ब्यबस्थापन गर्नुपर्ने (सडकमा जथाभावी पानी झार्न नपाईने)

ज) बजारको सौन्दर्य बिग्रिने तथा अस्वाभिक देखिने कुनै पनि सरचना बनाउन नदिने ।

झ) सार्वजनिक सडकमा पैदल यात्रीले जथाभावी हिडडुल गरेर आगमनमा अवरोध हुने कार्य गर्न नदिने ।

१३. न्यायिक समितिको सदस्य तेज खातीलाई मनोनयन गरेकोलाई अनुमोदन गर्ने

१४. नगर दररेट निर्धारण (स्वीकृत) गर्ने

१५. सार्वजनिक लेखा समिति गठन

१५. बधाई तथा शुभकामना

**कार्यपालिकाको बैठक एजेण्डा, मिति २०७४/०९/२६ गते**

१) नगरसभामा विधेयक मस्यौदा पेश ।

२) विधेयक मस्यौदा समिति ।

क) नगर प्रहरी सेवा शर्त तथा व्यवस्थापन सम्वन्धी बनेको विधेयक मस्यौदा समिति

ख) न्यायिक समितिको कार्यविधि सिफारिस समिति

ग) गैसस व्यवस्थापन तथा नियमन सम्वन्धी बनेको विधेयक मस्यौदा समिति

३) सार्वजनिक लेखा समिति गठन ।

४) व्यवसायीसँग छलफल एवं अनुगमन ।

५) बहुवर्षिय योजना ।

६) सेवा करारमा जनशक्ति लिन समय थप ।

७) सटर भाडामा दिने ।

८) राजश्व परामर्श समिति गठन ।

९) सेवा करारमा थप जनशक्ति लिने ।

१०) दररेट स्वीकृत ।

**निर्णय नं (१) :**

निम्न लिखित विधेयक मस्यौदाहरुलाई मिति २०७४/०९/२६ गते बस्ने दोस्रो नगर सभामा सम्वन्धित समितिका संयोजकहरु मार्फत पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

१) आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक, २०७४

२) आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थित गर्न बनेको विधेयक, २०७४

३) गैर सरकारी संस्थालाई व्यवस्थापन तथा नियमन गर्न बनेको विधेयक, २०७४

४) कृषि तथा पशु सेवा व्यवसायलाई प्रर्वद्धन गर्न बनेको विधेयक, २०७४

५) आधारभूत स्वास्थ्य तथा सरसफाई व्यवस्थित गर्न बनेको विधेयक, २०७४

६) सहकारी व्यवस्थापन तथा नियमन गर्न बनेको विधेयक, २०७४

७) फोहोरमैला व्यवस्थापन गर्न बनेको विधेयक, २०७४

८) औधोगिक व्यवसाय दर्ता तथा सञ्चालनलाई व्यवस्थित गर्न बनेको विधेयक, २०७४

९) नगरपालिका क्षेत्रभित्रका सडक व्यवस्थापन मापदण्ड, २०७४

**निर्णय नं (२):**
दोस्रो नगर सभामा पेश हुने विधेयकको मस्यौदा तयार गर्न देहाय अनुसारको विधेयक मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

**क) नगर प्रहरी सेवा शर्त तथा व्यवस्थापन सम्वन्धी विधेयक मस्यौदा समिति**

| | |
|---|---|
| श्री रामचन्द्र बस्नेत, वडा अध्यक्ष, वडा नं ५ | संयोजक |
| श्री तारा नेपाली, न.स.स. | सदस्य |
| श्री चन्द्र तमाङ, न.स.स. | सदस्य |
| श्री निर बहादुर तमाङ, न.स.स. | सदस्य |
| श्री गोकुल प्रसाद न्यौपाने, न.स.स. | सदस्य |
| श्री कृष्ण बस्नेत, कानुनी सल्लाहकार | सदस्य |
| श्री ज्ञानु कुमार खड्का, आलेप अधिकृत | सदस्य सचिव |

**ख) न्यायिक समितिको कार्यविधि सिफारिस समिति**

| | |
|---|---|
| श्री कमला बस्नेत, उप प्रमुख | संयोजक |
| श्री रुपा भुजेल, का.पा. सदस्य | सदस्य |
| श्री तेज खाती, न्यायिक समिति सदस्य | सदस्य |
| श्री कृष्ण बस्नेत, कानुनी सल्लाहकार | सदस्य |
| श्री ज्ञानु कुमार खड्का, आलेप अधिकृत | सदस्य सचिव |

**ग) गैसस व्यवस्थापन तथा नियमन सम्वन्धी विधेयक मस्यौदा समिति**

| | |
|---|---|
| श्री विर बहादुर थामी, वडा अध्यक्ष, वडा नं १ | संयोजक |
| श्री बिर्ख बहादुर बुढाथोकी, न.स.स. | सदस्य |
| श्री शारदा घतानी, न.स.स. | सदस्य |
| श्री मसली तमाङ, न.स.स. | सदस्य |
| श्री हरिकृष्ण बस्नेत, न.स.स. | सदस्य |
| श्री राम बहादुर बस्नेत, न.स.स. | सदस्य |
| श्री निर बहादुर तमाङ, न.स.स. | सदस्य |
| श्री माधव प्रसाद सुवेदी, प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं ३ :**
समग्रमा वित्तिय प्रणालीलाई चुस्त, दुरुस्त तथा व्यवस्थित बनाउन वडा नं ४ का वडाअध्यक्ष श्री हरिवंश चौलागाँईको अध्यक्षतामा तपसिलका ६ सदस्सीय सार्वजनिक लेखा समिति गठन गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री हरिवंश चौलागाँई, वडाअध्यक्ष, वडा नं ४ | संयोजक |
| श्री विर बहादुर थामी, वडा अध्यक्ष, वडा नं १ | सदस्य |
| श्री हरिशरण शिवाकोटी, वडा अध्यक्ष, वडा नं ३ | सदस्य |
| श्री दिपक धनुके, का.पा.सदस्य | सदस्य |
| श्री सुशिला थापा, न.स.स. | सदस्य |
| श्री सन्तोषी श्रेष्ठ, न.स.स. | सदस्य |
| श्री बाबुराम कायस्थ, न.स.स. | सदस्य |

**निर्णय नं ४ :**

निर्माण सामाग्री एवं दैनिक उपभोग्य सामाग्रीहरुको बजार मूल्य अप्राकृतिक रुपमा बढ्दै गएको गुनासो आएको सर्न्दभमा व्यवसायीसँगको छलफल एवं बजार अनुगमन समेतको कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ५ :**

भीमेश्वर नगर कार्यपालिकाको कार्यालय भवनको दोस्रो तल्ला विस्तारका लागि कार्यालय भवन भौतिक सुधार मा रु ३० लाख विनियोजन भएकोमा परामर्शदाताको ड्रईङ र इष्टिमेट समेतका आधारमा रु ८४,२०,८६५/९६ पैसाको ल.ई. भएको हुदा यो योजनालाई आ.व. ०७४/७५ र ०७५/७६ गरी वहुवर्षिय योजनाको रुपमा स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :**

भीमेश्वर नगर कार्यपालिकाको कार्यालयलाई आवश्यक कार्यक्रम सञ्चालन गर्न कार्यालयबाट २०७४/०९/१ गते विभिन्न प्रकृतिको जनशक्ति माग भएकोमा नगर प्रहरी तर्फ एक जना पनि महिला उम्मेदवारको आवेदन प्राप्त नभएको र कुचीकार तर्फ पुरुष उम्मेदवारको पर्याप्त संख्यामा आवेदन प्राप्त नभएकोले पछि कार्यान्वयनको क्रममा हुने व्यवहारिक अफठ्यारा समेतलाई दृष्टिगत गरी नगर प्रहरीको हकमा महिला उम्मेदवारका लागि मात्र र कुचिकार तर्फ पुरुष उम्मेदवारका लागि मात्र कार्यालयलाई थप ७ (सात) दिनको सूचना प्रकाशित गर्न लगाउने निर्णय गरियो ।

**निर्णय नं ७ :**

भीमेश्वर नगरपालिकाको स्वामित्वमा रहेको भी.न.पा. २ पाखलती स्थित सभागृहको सटर नं ३ मा व्यवसाय गरी बस्ने पदम कुमारी श्रेष्ठले उक्त सटर खाली गर्न दिएको निवेदन सम्वन्धमा निजबाट नियमानुसार असुल गर्नुपर्ने भाडा असुल गरी उक्त सटरको न्यूनतम् भाडा दर रु १०,०००/- (अक्षेरेपी दश हजार मात्र) कायम गरी ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ८ :**

स्थानयि सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम  उपप्रमुख श्री कमला बस्नेतको संयोजकत्वमा तपसिलका ७ (सात) सदस्सीय राजश्व परार्मश समिति गठन गरियो ।

**तपसिल**

| | |
|---|---|
| श्री कमला बस्नेत, उपप्रमुख | संयोजक |

| | |
|---|---|
| श्री प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| श्री किरण ओली (महिला) | सदस्य |
| श्री दिपक धनुके (पुरुष) | सदस्य |
| श्री सुन्दर कार्की, अध्यक्ष, दोलखा उद्योग वाणिज्य संघ | सदस्य |
| श्री जंग गुरुङ, घरेलु तथा साना उद्योग महासंघ | सदस्य |
| श्री सुजन सुवेदी | सदस्य सचिव |

**निर्णय सं (९)**

यस नगरपालिकालाई चालु आ.व. ०७४/७५ को स्वीकृत कार्यक्रमका लागि आवश्यक पर्ने निम्न जनशक्ति सेवा करारमा लिने गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| क) | स्टाफ नर्स | १ जना |
| ख) | अ.न.मी. | २ जना |
| ग) | कार्यालय सहयोगी | ४ जना |

**निर्णय नं १०:**

यस कार्यालय भवनको दोस्रो तल्ला विस्तार गर्ने क्रममा 120mm Thick EPS (Expanded Polysterene) Based Sandwich Panel प्रयोग गर्नुपर्ने भएको र सोको लागि आवश्यक नगर दररेट उपलब्ध नभएकोले यसको विक्रेता ईन्टरनेशनल ग्रीन डिजाईन सोलुसन प्रा.लि. बाट उपलब्ध दररेटमा ढुवानी समेत विश्लेषण गर्दा ग्रीन डिजाईन सोलुसनबाट प्राप्त दररेट कम देखिएको हुदा उक्त कम दररेट प्रति वर्ग फिट जडान समेत रु ५७७.४२/- कायम गर्ने निर्णय गरियो । साथै नगर दररेटमा उल्लेख नभएका तपसिल बमोजिमका सामाग्री तथा कामको दररेट उल्लेखित परामर्शदाताले पेश गरेको दररेटकै आधारमा तपसिल बमोजिम कायम गर्ने निर्णय गरियो ।

**कार्यपालिका बैठक कार्यसूची**

२०७४/१०/१५

१. चालु  आ.व.का योजनाहरुको प्रगती समिक्षा ।
२. शहरि स्वास्थ्य केन्द्र निर्माण कार्य अगाडि बढाउने ।
३. सिभिल ईन्जिनियर तथा कर निरीक्षक माग  गर्ने सम्बन्धमा ।
४. प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृतको वैदेशिक कार्यक्रमको मनोनयन ।
५. योजना अनुगमन।
६. घर बहाल कर ।
७. विविध ।

**निर्णयहरुः-**

१ चालू आ.व.मा छुट्याईएका योजनाहरुमध्ये उपभोक्ता समितिबाट गराउने कार्यको लागि उपभोक्ता समितिले सम्झौता गरिसक्नु पर्ने म्याद माघ मसान्तसम्म लागि थप गर्ने र उल्लेखित समय भित्र पनि सम्झौता नभएका योजनाको रकम अन्य योजनामा रकमान्तर गर्ने गरि सवैको जानकारीको लागि सुचना जारी गर्ने निर्णय गरियो ।

२ प्रकुया शुरु नभएको योजनाहरुको सम्पूर्ण प्रकृया माघ मसान्तभित्र शुरु गर्न र फाल्गुण मसान्त सम्ममा सम्झौताको काम सम्पन्न गरिसक्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

3 नेपाल सरकारबाट सशर्त अनुदानमा शहरी स्वास्थ्य केन्द निर्माणका लागि प्राप्त रु ३०,००,०००/- (रु तिस लाख )लाई अधुरो रहेका देहायका निमार्ण कार्यलाई अघि बढाई चालू वर्षमै भवन निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

तपशिलः
(क) शहरि स्वास्थ्य केन्द्र , खरिढुङ्गा, भी.न.पा.-९ रु ११,००,०००
(ख) शहरि स्वास्थ्य केन्द्र , कुप्री, भी.न.पा- ७ रु ६,००,०००
(ग) विगतमा जिल्ला स्वास्थ्य कार्यालयको प्राविधिक सहयोगमा निर्माण शुरु गरिएको शहरी स्वास्थ्य केन्द्रको कुप्रिको भुक्तानी दायित्व आवश्यक प्रकृया पुऱ्याई भुक्तानी दिने र यो भुक्तानी खण्ड (ख) मा विनीयोजीत रकमका अतिरिक्त रकमबाट दिने निर्णय गरियो ।

४ नगरपालिकाको योजना कार्यान्वयन तथा नक्शा पास सम्बन्धी कार्यको चाप बढेको सन्दर्भमा चालु आ.व .का लागि विनियोजित आयोजना व्यवस्थापन र कन्टिजेन्सी रकमबाटै खर्च व्यहोर्ने गरि सिभिल ईन्जीनियर एक जना र राजश्व सम्भाव्यता अध्ययन तथा करको दायरा वृद्धि कार्यक्रमका बाट दुईजना कर सर्वेक्षक सेवा करारमा लिने प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५ यस नगरपालिकाका  नगर प्रमुख भरत बहादुर के.सी तथा प्रमुख प्रशासकीय अधिकृत शंकर नेपाललाई मित्र राष्ट्र दक्षिण कोरियाको गाङ्गवोन प्रदेश सरकारबाट " IUTC Asia-Pacific Global Leaders Convention मा भाग लिन निमन्त्रणा प्राप्त भएकोले उक्त कार्यक्रममा भाग लिन जानका लागि मनोयन  गर्ने निर्णय गरियो ।

६ उपभोक्ता समितिबाट सञ्चालित योजनाको अनुगमन गरी फरफारक गर्न  नगर उपप्रमुख श्री कमला बस्नेतको संयोजकत्वमा देहाय अनुसारको योजना अनुगमन तथा फरफारक समिति निर्माण गर्ने निर्णय गरियो ।

(क) श्री कमला बस्नेत, नगर उपप्रमुख...................... संयोजक
(ख) श्री हरिशरण शिवाकोटी , वडाध्यक्ष वडा नं ३ ....... सदस्य
(ग) श्री रामचन्द्र बस्नेत, वडाध्यक्ष वडा नं ५.............. सदस्य
(घ) श्री नविन कुमार लामा, वडाध्यक्ष वडा नं ६............. सदस्य
(ङ) ईन्जिनियर प्राविधिक शाखा ................................ सदस्य सचिव

७ संविधान तथा स्थानीय सरकार संचालन ऐन बमोजिम घर बहाल कर नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने भएकोले यसको कार्यान्वयनलाई सुदृढ बनाउँदै लैजान आवश्यक सर्वेक्षण गर्ने र प्रथम चरणमा सम्पूर्ण संघ सस्थालाई तोकिएको १२% घरबाहाल कर नगरपालिकामा बुझाउन पत्राचार गर्ने निर्णय गरियो ।

८ सगरमाथा पर्वत आरोहण गर्न तयारी गरिरहेको दोलखा जिल्ला गौरीशंकर २ का  श्री छोकी शेर्पा र  सिमी गाँउका श्री दावुटी शेर्पालाई जनही रु २५,०००/- का दरले सहयोग प्रदान गर्ने निर्णय गरियो ।

९ कृषि क्षेत्रको व्यवसायिक विकास गर्न प्रत्येक वडाा यही माघ मासान्त भित्र वडा कृषि समिति बनाई भेला डाक्ने र चालू आ.व. मा कृषि एवं पशुपालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न कृषि

समिति मार्फत आवश्यक प्रस्ताव तयार गरी नगर कार्यपालिकालाई उपलब्ध गराउन निर्देशन दिने  निर्णय गरियो ।

१० कृषि र पशु व्यवसायको गुणस्तर सुधार गर्न देहायका व्यवसायमा देहायअनुसार कृषि अनुदानको व्यवस्था गर्ने निर्णय गरियो ।

१. कम्तिमा दुईवटा उच्च जातको गाई,भैंसी खरिद गरी व्यवसाय शुरु गर्ने कृषकलाई गोठ निर्माण/सुधारका लागि खरिद मूल्यको १० प्रतिशत अनुदान दिने निर्णय गरियो ।

२. कम्तिमा १५ वटा उन्नत  जातको  बाखा खरिद गरी व्यवसाय शुरु गर्ने कृषकलाई उन्नत खोर निर्माण/सुधारका लागि एकमुष्ठ रु ३०,०००/- उपलब्ध गरिने निर्णय गरियो ।

३. कम्तिमा १५ वटा स्थानीय जातका माउ कुखुरा  खरिद गरि १५० वटा सम्म स्थानिय जातका कुखुरापालन गर्न  उन्नत खोर तथा घेराबार निर्माणका लागि एकमुष्ठ रु २५,०००/-उपलब्ध गरिने निर्णय गरियो ।

४. २ देखि ५ वटा मौरीघार खरिद गरी व्यवसाय शुरु गर्नेलाई प्रतिघार एकमुष्ठ रु ४,०००/-उपलब्ध गरिने निर्णय गरियो ।

५. अलैची खेतीको ड्रायर मेशिन खरिद तथा मर्मतका लागि प्रति समूह रु ५,००००/- उपलब्ध गरिने निर्णय गरियो ।

६. नगरपालिकाको वडा नं ७ र ८ मा किवी खेतीका लागि प्रोत्साहन गर्न ५ वटा किवी बेर्ना खरिद गर्ने कृषकलाई थप ५ वटा बेर्ना अनुदान दिने निर्णय गरियो ।

११ भीमेश्वर नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक र संस्थागत विद्यालयहरुबीच शैक्षिक गुणस्तरमा समानता तथा समुदायिक विद्यालय समेतको शैक्षिक गुणस्तर उकास्ने पहिलो चरणमा आगामी शैक्षिक सत्र देखि विद्यार्थीको पोशाकमा एकरुपता ल्याउन निम्नानुसारको विद्यालय पोशाक निर्धारण समिति गठन गर्ने र माघ मसान्तभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

श्री कैलाश कुमार श्रेष्ठ , वडा अध्यक्ष, वडा नं. ७ -    संयोजक
श्री प्रतिनिधि नेपाल शिक्षक महासंघ - १ जना -    सदस्य
श्री प्रतिनिधि PABSON/ NPBSON – १/१ जना – सदस्य
श्री प्रतिनिधि , कन्या मा.वि – १ जना –    सदस्य
श्री प्रतिनिधि , कुटीडाँडा मा.वि – १जना –    सदस्य
श्री शाखा अधिकृत , शिक्षा शाखा भि.न.पा –    सदस्य सचि

१२. नगर विकास कोषको ऋण तथा अनुदान सहयोगमा निर्माण हुने Multipurpose Building with Public Toilet "बहुउद्येसीय भवन(सार्वजनिक शौचालय समेत)"को नगर विकास कोषबाट स्वीकृत बिड डकुमेन्ट (Bid Document)लाई अनुमोदन गरी सोही आधारमा बोलपत्र आवहान गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १३** : यस नगरपालिकाको प्रमुख श्री भरत बहादुर के.सी. दक्षिण कोरियाको Gangwan Provence of Korea af6 Eco Smart City Plaining Training भागलिन २०७४।०६।०३ देखि २०७४।६।१२ सम्म र ग्वाङवाङ प्रदेश सरकारको आयोजनामा मिति २०७४/१०/२७ देखि २०७४/११/५ सम्म एसिया प्यासिफिक ग्लोबल लिडर कन्भेन्सनमा भाग लिन जानुभएकोले निजको भ्रमण खर्च तथा पोशाक भत्ता र पकेट खर्च नेपाल सरकारको बैदेशिक भ्रमणको नियमानुसार उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं१४** : यस नगरपालिकाको वडा नं ४ को जिलु ( डिही- फस्मी ) मा निर्माण हुने एकीकृत बस्ती विकास आयोजनाको सिघ्र कार्यान्वयन गनुपर्ने भएकोले, सो आयोजनाको बिस्तृत योजना प्रतिवेदन ( DPR ) तयार नभएको हुँदा, आयोजनाको DPR शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय,( DUDBC,DLPIU)चरिकोट, दोलखालाई तयार गर्न लगाई सोहि अनुरुप नगरले आयोजनाको प्रस्तावपत्र तयार गर्ने र सो प्रस्ताव पत्र अनुसार कार्यान्वयन गर्न एकीकृत बस्ति निर्माणका लागि योजना कार्यान्वयन गर्ने कार्यालय नभएको अवस्थामा एकीकृत बस्ति विकास सम्बन्धी कार्यविधि २०७४ को दफा

७ बमोजिम भीमेश्वर नगरपालिकाले सो योजना कार्यान्वयन कार्यालयका रुपमा कार्यगर्न सक्ने हुँदा आयोजना कार्यान्वयन कार्यालयका रुपमा नगरपालिकालाई तोकी सो आयोजनाको तत्काल कार्यान्वयन प्रकृया अगाडी बढाईदिन राष्ट्रिय पुनः निर्माण प्राधिकरण, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं १५** : भीमेश्वर नगर क्षेत्रको शैक्षिक क्रियाकलापलाई गतिशिल बनाउने शिलसिलामा आगामी २०७५साल बैशाखको तेस्रो साता दोलखा शैक्षिक, विज्ञान तथा प्रविधि महोत्सव, २०७५ आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. :१६** : भीमेश्वर नगर क्षेत्रको शैक्षिक क्रियाकलापलाई गतिशिल बनाउने शिलसिलामा आगामी २०७५ साल बैशाखको तेस्रो साता दोलखा शैक्षिक, विज्ञान तथा प्रविधि महोत्सव, २०७५ आयोजना गर्ने शिलसिलामा दोलखा जिल्लाका जिरी नगरपालिका र सबै गाँउपालिकालाई सहयोग र समन्वयका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:** भीमेश्वर नगरपालिका न्यायिक समिति कायविधि २०७४ दोस्रो नगर सभामा पेसगर्ने निर्णय गरियो ।

## कार्यपालिकाको बैठक एजेण्डा : मिति २०७४/१२/२७ गते

१) योजना प्रगति तथा खर्चको विवरण पेश गर्ने,
२) एकिकृत वस्ती निर्माणमा विनियोजित रकम बाँडफाड,
३) दोलखा साँस्कृतिक नगरको नक्सा प्रक्रिया अगाडि बढाउने,
४) लागत सहभागिता कार्यक्रमको कार्यान्वयन,
५) प्रशासकीय कार्यविधि विधेयक, २०७४ नगर सभामा पठाउने सम्वन्धी,
६) सेवा प्रवाह प्रभावकारी बनाउने सम्वन्धी,
७) वडा कार्यालयको प्रभावकारी सञ्चालनका लागि थप श्रोतको व्यवस्था,
८) नगर पदाधिकारीहरुको क्षमता अभिवृद्धि,
९) कार्यबाहक वडा अध्यक्षको पत्रको ढाँचामा एकरुपता ल्याउने सम्वन्धी,
१०) मानसिक सन्तुलन गुमाएका तथा घरेलु हिंसा पिडितको पुर्नस्थापना गर्न आर्थिक सहयोग,
११) महिला स्वयंसेविकाहरुलाई भिटामिन "ए" कार्यक्रममा खाजा खर्च दिने सम्वन्धी,
१२) उप-प्रमुखको दक्षिण कोरियामा हुने तालिममा मनोनयन,
१३) बारुण यन्त्रमा राती खटिने कर्मचारीहरुलाई खाना खर्च सम्वन्धी,
१४) नगर कार्यपालिकाका पदाधिकारीहरुलाई ईन्धन सुविधा सम्वन्धी,
१५) विशेष बालबालिका कार्यक्रमका विनियोजित रकम बाँडफाँड सम्वन्धी,
१६) विद्यालय शिक्षा सुधारका लागि Talking Teacher सफ्टवयर प्रयोग सम्वन्धी,
१७) नगर शिक्षा समिति गठन,
१८) कृषि तथा पशुपालन कार्यक्रम कार्यान्वयन विधि सम्वन्धी,
१९) हाते ट्याक्टर अनुदान सम्वन्धी,
२०) दोलखा शैक्षिक तथा साँस्कृतिक महोत्सव २०७५ को तयारी समिति सम्वन्धी,
२१) विश्व शान्ति बुद्ध पार्कको सम्भाव्यता सम्वन्धी,
२२) आधारभुत तह परीक्षा उर्तिण परीक्षा सञ्चालनका लागि वित्तिय श्रोत,
२३) जिलु शहरी स्वास्थ्य क्लिनिकको रोकिएको काम अगाडि बढाउने सम्वन्धी ।
२४) विविध

**निर्णयहरु :**

**निर्णय नं १ (एक) :** चालु आ.व.०७४/७५ का लागि विनियोजित बजेट मध्ये समयमै खर्च हुने र नहुने रकमको एकिन गरी पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २ (दुई) :** चालु आ.व.का लागि एकिकृत वस्ती विकास शिर्षकमा विनियोजित रु ३०,००,०००/- ( तीस लाख रुपैयाँ) लाई निम्न अनुसार बाँडफाड गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**तपसिल**

१) जिलु एकिकृत वस्ती पूर्वाधार निर्माण रु २०,००,०००/-(बिसलाख)

२) दोलखा बजार पुर्ननिर्माण रु १०,००,०००/-(दशलाख)

**निर्णय नं ३ (तीन) :** दोलखा बजार पुर्ननिर्माणको लागि निर्णय नं २ को २ (दुई) अनुसार विनियोजित बजेटबाट आर्किटेक्चर ईन्जिनियर जना दुई (२) सेवा परामर्शमा लिई आवश्यक नक्सा तयार गर्न सहयोग पुऱ्याउने निर्णय गरियो ।

**निर्णय नं ४ (चार) :** चालु आ.व. ०७४/७५ का लागि उपभोक्ता लागत सहभागिता कार्यक्रममा विनियोजित रकमलाई निम्नानुसार गर्ने गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**क)** लागत ईष्टिमेट प्राप्त भएका देहायका योजनाहरुमा नगरपालिकाबाट कुल लागतको ७० प्रतिशतमा नबढ्ने गरी अधिकतम् निम्नानुसार विनियोजन गर्ने :

| | |
|---|---|
| १) रामजनकी मार्ग, भीनपा ६ | रु ९,००,०००/- |
| २) श्रृजना मार्ग, भीनपा ६ | रु ११,५०,०००/- |
| ३) मानेडाँडा मार्ग, भीनपा ६ | रु ७,००,०००/- |
| ४) शान्तिनगर मार्ग, भीनपा ६ | रु ३,००,०००/- |
| ५) मनोरञ्जन मार्ग, भीनपा ६ | रु ५,५०,०००/- |
| ६) शिखर बजार मार्ग, भीनपा ६ | रु ७,००,०००/- |
| ७) मैदाने मार्ग, भीनपा ६ | रु ११,५०,०००/- |
| ८) बुद्ध मार्ग, भीनपा ६ | रु १५,००,०००/- |
| ९) सनराईज मार्ग, भीनपा ३ | रु ९,५०,०००/- |
| १०) तीनधारा पूर्वाधार सुधार, भीनपा ३ | रु ४,५०,०००/- |

**ख)** उपभोक्ता लागत सहभागितामा थप योजनाहरु आउने क्रम रहेकाले नगरपालिकाबाट कुल लागतको ७० प्रतिशतमा नबढ्ने गरी चालु आ.व.०७४/७५ मा उपभोक्ता लागत सहभागिता कार्यक्रमबाट त्यस्ता योजनामा रकम विनियोजन गर्ने गरी नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ ( पाँच) :** कार्यालयद्वारा तयार पारिएको नगरपालिकाको प्रशासकीय कार्यविधि विधेयक, २०७४ को मस्यौदा स्वीकृत गरी चालु नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ (छ) :** नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाह कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन साथै कर्मचारीहरुको खटनपटनमा कडाई गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ७ (सात) :** वडा कार्यालयहरु प्रभावकारी ढंगबाट सञ्चालन गर्न कार्यालय सञ्चालन र विविध खर्चका लागि प्रति महिना रु ५,०००/- का दरले उपलव्ध गराउदै आएकोमा उक्त रकम नपुग भएको महसुस भएकोले २०७५ साल बैशाख १ गतेबाट प्रति महिना कार्यालय सञ्चालन र विविध खर्च प्रत्येकमा रु १०/१० हजारका दरले प्रति वडा रु २० हजार उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८ (आठ) :** स्थानीय सरकारको अधिकार क्षेत्र भित्र रहेका काम कारवाहीलाई प्रभावकारी बनाउन नगर सभाका सदस्यहरुको अंग्रेजी भाषा, कम्प्युटर शिक्षा, ऐन कानुन तथा विधिको जानकारी लगायतको विषयमा क्षमता अभिवृद्धिको कार्यक्रमलाई अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं ९ (नौ) :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वडा अध्यक्षले आफु अनुपस्थित रहेको बखतका लागि वडा सदस्यलाई कार्यबाहक दिने ढाँचा (फरमेट) मा एकरुपता ल्याउनका लागि कार्यालयबाट ढाँचा तयार गराउने निर्णय गरियो ।

**निर्णय नं १० (दश) :** मानसिक सन्तुलन गुमाएका व्यक्तिलाई सुधार गृहमा पठाउन र घरेलु हिंसा पीडितको पुर्नस्थापनाको लागि सम्बन्धित वडा अध्यक्षको सिफारिसमा अधिकतम् रु २०,०००/- ( बिस हजार रुपैयाँ ) सम्म नगरपालिकाबाट अनदान प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ (एघार) :** राष्ट्रिय भिटामिन ए कार्यक्रम सफल पार्न योगदान दिने महिला स्वास्थ्य स्वयंसेविकालाई एउटा अभियानका लागि १ दिनको रु १५०/- का दरले २ दिन सम्मका लागि खाजा खर्च उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १२ (बाह्र) :** दक्षिण कोरियामा ई.सं. २०१८ को April, १० देखि १८ सम्म सञ्चालन हुने Climate Resilient cities and Urban Environment Sustainability तालिमका लागि भाग लिन नगरपालिका उप-प्रमुख श्री कमला बस्नेत जानु भएकोमा सो कार्यलाई अनुमोदन गर्दै निजले नियमानुसार पाउने सुविधा समेत उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १३ (तेह्र) :** बारुण यन्त्रको आकस्मिक प्रयोगलाई २४ सै घण्टा उपलव्ध गराउने गरी पौष महिनादेखि सवारी चालक र अन्य कर्मचारीलाई रातीको समयमा खटाईएकोमा सोही मिति देखि नै लागू हुनेगरी रातीको समयमा खटेको दिनको दैनिक रु ३००/- उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १४ (चौध) :** वडा अध्यक्ष तथा कार्यपालिका सदस्यले सेवा प्रवाह तथा अनुगमनको कार्यमा स्थलगत रुपमा खट्नुपर्ने हँदा विगतमा यो सुविधा लिई रहेका वडा अध्यक्षहरुले पाएको सुविधालाई समर्थन गर्दै उल्लेखित सुबिधा नबुजेका वडा बध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई समेत २०७४ श्रावण देखिनै मासिक रुपमा प्रति महिना २० लिटरका दरलेहुने ईन्धन सुविधाा वापत पेट्रोल उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १५ (पन्द्र) :** चालु आ.व.को लागि विशेष बालबालिका खाजा कार्यक्रम अर्न्तगत विनियोजित रकमलाई निम्नानुसार कार्यान्वयन गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १) दोलखा बालमन्दिर | रु ९१,०००/- |
| २) गौरीशंकर बाल गृह | रु ३५,०००/- |
| ३) भीमेश्वर बहिरा विद्यालय | रु ३५,०००/- |
| ४) कालिञ्चोक माध्यामिक विद्यालय, “दृष्टिविहिन विद्यालय ” | रु ३०,०००/- |

**निर्णय नं १६ (सोह्र) :** विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक तथा बालबालिकाका लागि नयाँ शैक्षिक सत्र देखि सफ्टवयरमा आधरित Talking Teacher कार्यक्रम लागू गर्ने र सोका लागि विद्यालय पोशाक शिर्षकबाट आवश्यक रकमान्तर गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ (सत्र) : (क)** नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा ऐन, २०७४ को दफा ८ (१) बमोजिम नगर शिक्षा समितिमा देहाय अनुसार गठन गर्ने निर्णय गरियो ।

१ श्री भरत बहादुर के.सी .............नगर प्रमुख ................अध्यक्ष
२ श्री किरण ओली .....................का.पा.स. .....................महिला सदस्य
३ श्री दिपक धनुके ......................का.पा.स........................दलित सदस्य
४ श्री अम्बिका कार्की ...................आधारभूत विद्यालयतर्फ ......सदस्य
५ श्री शंकरलाल श्रेष्ठ .................माध्यामिक बिद्यालयतर्फ .......सदस्य
६ श्री प्रकाश प्रधान......................संस्थागत विद्यालय तर्फ ........सदस्य
७ श्री बालकुमारी श्रेष्ठ.............. समाजसेवी, शिक्षाविद् ... ....महिला सदस्य
८ श्री तारानाथ चौलागाँई ...........समाजसेवी, शिक्षाविद् ......... पुरुष सदस्य
९ श्री रमेश लामा....................सामूदायिक वि. व्य. समिति.......सदस्य

**निर्णय नं. १८ (अठार) :** चालु आर्थिक वर्षका लागि कृषि तथा पशुपालन शिर्षकमा विनियोजित रकम मध्ये सो क्षेत्रमा कृषि तथा भेटेनरी विज्ञबाट लागत अनुमान तयार गराई वडा कृषि समितिको सहभागितामा प्रत्येक वडा समितिले रु. ४५०,०००। ( चारलाख पचास हजार) मा नबढ्ने गरी योजना सञ्चलनको प्रस्ताव नगरपालिकामा पेश गर्नु पर्ने र सो पेश भएको प्रस्तावको आधारमा कार्यालयले कार्यान्वयन गराउने निर्णय गरियो । यसरी योजनाको प्रस्ताव गर्दा व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धमा भएको पूर्व निर्णयको आधारमा प्रस्ताव गर्नु पर्नेछ ।

**निर्णय नं. १९ (उन्नाईस) :** चालु आर्थिक वर्षका लागि ट्राक्टर खरिदमा विनियोजित रकमबाट वडा कृषि समितिको सहभागिता र वडा समितिको सिफारिशका आधारमा कृषि समूहले सामुहिक रुपमा प्रयोग गर्ने गरी प्रति ट्राक्टर रु. ३५,०००। ( पैंतिस हजार रुपैयाँ) का दरले प्रत्येक वडामा बढीमा दुई वटा हाते ट्राक्टरका लागि अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२० (बिस) :** नयाँ वर्ष २०७५ देखि दोलखामा शिक्षाको क्षेत्रमा सुधारका लागि शिक्षक, अभिभावक एवं विद्यार्थीहरुमा शिक्षा प्रति अभिरुची बढाउन वैशाखको तेस्रो सातामा दोलखा" शैक्षिक ,विज्ञान प्रविधि तथा साँस्कृतिक महोत्सव २०७५" आयोजना गर्ने र सो को आयोजनाका लागि देहाय अनुसारको महोत्सव तयारी मूल समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री भरत बहादुर के.सी. | प्रमुख, भीमेश्वर नगरपालिका | संयोजक |
| श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य |
| श्री हरिवंश चौलागाई | वडा अध्यक्ष, वडा नं. ४ | सदस्य |
| श्री रामचन्द्र बस्नेत | वडा अध्यक्ष, वडा नं. ५ | सदस्य |
| श्री नविन लामा | वडा अध्यक्ष, वडा नं. ६ | सदस्य |
| श्री कैलाश कुमार श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. ७ | सदस्य |
| श्री सुमन सुनाम | कार्यपालिका सदस्य | सदस्य |

| | | |
|---|---|---|
| श्री दीपक धनुके | कार्यपालिका सदस्य | सदस्य |
| श्री रुपा भुजेल | कार्यपालिका सदस्य | सदस्य |
| श्री जमुना श्रेष्ठ | कार्यपालिका सदस्य | सदस्य |

महोत्सव तयारी समितिको पूर्णताका लागि सरोकारवालासँग छलफल गरी थप सदस्य मनोनयन गर्ने अधिकार नगरपालिकाका प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ (एक्काईस) :** भीमेश्वर नगरपालिकाको वडा नं. ६ मा रहेको मूलखर्कमा विश्व शान्ति बुद्ध पार्क स्थापना गर्ने गरी नगरपालिका समक्ष प्रस्ताव प्राप्त भएकोले सो प्रस्तावको सम्भाव्यता हेरी पार्क स्थापनार्थ आवश्यक पहल गर्न देहाय अनुसारको समिति निर्माण गरियो ।

| | | |
|---|---|---|
| श्री नविन लामा | वडा अध्यक्ष, वडा नं. ६ | संयोजक |
| श्री वीर बहादुर थामी | वडा अध्यक्ष, वडा नं. १ | सदस्य |
| श्री हरिशरण शिवाकोटी | वडा अध्यक्ष, वडा नं. ३ | सदस्य |
| श्री सोनाम शेर्पा | स्थानीय | सदस्य |
| श्री ठिलेन शेर्पा | स्थानीय | सदस्य |
| श्री निम पासांग शेर्पा | स्थानीय | सदस्य |
| श्री नारायण थापा, | अध्यक्ष, खोरथली सामुदायिक वन | सदस्य |
| श्री भविन्द्र थापा | सब इञ्जिनियर, भी.न.पा. | सदस्य सचिव |

**निर्णय नं. २२ (बाईस) :** नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार चालु शैक्षिक वर्ष २०७४ देखि कक्षा ८ को परीक्षा सञ्चालनको जिम्मेवारी स्थानीय तहमा आए अनुरुप भीमेश्वर नगरपालिकाले आधारभूत तह परिक्षा बोर्ड गठन गरी परिक्षा सञ्चालन गर्न शुरु गरेको र साविकमा झै नेपाल सरकार, जिल्ला शिक्षा कार्यालयबाट रु ६७,८७०/- (सत्सठ्ठी हजार आठ सय सत्तरी मात्र) र संस्थागत विद्यालयका तर्फबाट ९९,५००/- (उनान्सय हजार पाँच सय मात्र) गरी नगरपालिकाको सञ्चित कोषमा रु. १,६७,३७०/- (अक्षेरेपी एक लाख सत्सठ्ठी हजार तीन सय सत्तरी मात्र ) प्राप्त भएको तर सो कार्यका लागि चालु आर्थिक वर्षमा बजेट विनियोजन नभएकोले चालु आ.व.मा विद्यार्थी पोशाकका लागि विनियोजित बजेटबाट बचत भएको रकमबाट व्यहोर्ने गरी रु. २,८०,५००। (रु. दुई लाख असी हजार पाँच सय मात्र) रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ (तेईस) :** भीमेश्वर नगरपालिकाको वडा नं. ४ मा रहेको जिलु शहरी स्वास्थ्य क्लिनिकको भवन निर्माण कार्य वर्षौंदेखि रोकिएको अवस्थामा रहेकोले सो भवन निर्माणमा संलग्न जिल्ला प्राविधिक कार्यालय, जिल्ला स्वास्थ्य कार्यालय र ठेकेदार समेतलाई छलफलमा बोलाई निर्माणका सम्भावना खोजी गर्ने निर्णय गरियो ।

**निर्णय नं.२४**(चौबिस):स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक वडालाई आफ्ना कार्य ब्यबस्थित गर्न महिनामा बढीमा तीन वटासम्म बैठक राखी बैठकका निर्णयहरु यस नगरपालिका कार्यालयमा पठाई दिन निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२५**(पच्चिस): नगर कार्यपालिकाबाट स्वीकृत ऐन नियम र स्वीकृतिको क्रममा रहेका विधेयकहरु /नियमावलीहरुको भाषागत सम्पादन गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहायका सदस्य रहने गरी भाषा सम्पादन समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

श्री शंकर नेपाल ...........प्रमुख प्रशासकीय अधिकृत भी.न.पा......संयोजक
श्री शंकरलाल श्रेष्ठ.........प्र.अ. कुटीडाँडा मा.वि......................सदस्य
श्री हरि बहादुर के.सी......नेपाली.शिक्षक कालिञ्चोक मा.वि.........सदस्य
श्री जगदिश अर्याल .........ब.आ.ले.प.अधिकृत भी.न.पा. ......सदस्य
श्री माधव प्रसाद सुबेदी ....प्रशासकीय अधिकृत भी.न.पा. ..........सदस्य
श्री अर्जुन कार्की ...............शिक्षा अधिकृत. भी.न.पा.................सदस्य

**निर्णय नं. २६ (छब्बिस)**:यस नगरपालिकाको विनियोजन ऐन २०७४ मा क्यान्टेन निर्माण शिर्षकमा वियोजित रकमबाट खर्चहुन बाँकी रकम मध्ये रु २५०,०००। दुईलाख पचास हजार जेनेरेटर कटेरा ,सुख्खा पर्खाल तथा एलुमुनियम पार्टिशन योजनामा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ (सत्ताइस)**: जिरी तेक्वान्डो डोजाङ्गले स१चालन गरेको ३ नं. प्रदेश स्तरीय तेक्वान्डो खेलका लागि रु १५,०००।( पन्द्र हजार रुपैयाँ) खेलकुद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।